# शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बागमती गाउँपालिकाको मिति २०८०।१०।१४ को गाउँ कार्यपालिकाले शिक्षक बैंक व्यवस्थापन कार्यवधि, २०८० स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## परिभाषा

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "बागमती गाउँपालिकाको शिक्षक बैङ्क व्यवस्थापन कार्यवधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि बागमती गाउँपालिका क्षेत्रभित्र लागू हुने छ ।

ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुने छ ।

२) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिका सम्झनुपर्छ।

ख) "प्रमुख" भन्नाले बागमती गाउँपालिकाको प्रमुख सम्झनुपर्छ ।

ग) "उपप्रमुख" भन्नाले बागमती गाउँपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ) "शाखा प्रमुख " भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

च) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा कार्यरत शिक्षा अधिकृत सम्झनुपर्छ ।

छ) “स्रोत शिक्षक” भन्नाले गाउँपालिकाले स्रोत शिक्षकको रुपमा नियुक्त भएका शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत स्रोतशिक्षक सम्झनुपर्छ ।

ज) “प्रधानाध्यापक भन्नाले” सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

झ) “शिक्षक भन्नाले” सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

ञ) “शिक्षक बैङ्क” भन्नाले बागमती गाउँपालिकाले गाउँपालिकाभित्र सामुदायिक विद्यालयमा रहेको अस्थायी/करार/ गाउँपालिका अनुदान/संघीय अनुदान/बाविके शिक्षक रिक्त शिक्षक अस्थायी/करार पदपूर्तिका साथै अतिरिक्त शिक्षक व्यवथापन गर्न बनाएको शिक्षक बैङकलाई जनाउँदछ ।

## परिच्छेद-२
## शिक्षक बैङ्क व्यवस्थापनको उद्देश्य :

१) सामुदायिक विद्यालयमा रिक्त शिक्षक पद पूर्तिका लागि तत्काल अस्थायी/करारमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने ।

२) सामुदायिक विद्यालयमा अतिरिक्त शिक्षक आवश्यकताको पूर्ति गर्ने ।

३) सामुदायिक विद्यालयमा पठनपाठनका कार्यलाई निरन्तरता दिन आवश्यक शिक्षक व्यवस्थापनको लागि स्रोतको रूपमा कार्य गर्ने ।

## परिच्छेद-३
## शिक्षक बैङ्क व्यवस्थापन विधि

१) सामुदायिक विद्यालयहरुमा रिक्त रहेको पद पूर्ति शीघ्र रुपले शिक्षक व्यवस्थापन गरिनेछ।

२) कम्तिमा ७ दिनको विज्ञापन गरी लिखित परीक्षा तथा अन्तवार्ताको माध्यमबाट शिक्षक बैङ्कका लागि शिक्षक छनौट गर्ने ।

३) शिक्षक छनोट गर्दा शिक्षण अध्यापन अनुमति पत्र भएका उम्मेदवारहरूलाई शिक्षक बैङकमा सूचकिृत गर्ने ।

४) १८ वर्ष पूरा गरेका र ४० वर्ष ननाघेका उम्मेदवारलाई शिक्षक बैङ्कमा सूचीकृत गर्ने ।

५) शिक्षक बैङ्कमा सूचीकृत उम्मेदवारलाई विद्यालयको माग र शिक्षा, युवा तथा खेलकुद शाखाको अनुमतिका आधारमा अवधि तोकी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले शिक्षक पदमा करार गर्न सक्ने ।

६) शिक्षक बैंकबाट खटिने शिक्षकलाई आवश्यकताका आधारमा एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्थानान्तर वा खटाउन सकिने ।

७) शिक्षक बैंकमा प्रकाशित योग्यताक्रमका आधारमा विद्यालयले शिक्षक करारमा प्राथमिकता दिने ।

## परिच्छेद-४
## शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा

१) नियुक्त भएका शिक्षकलाई तहगत रुपमा स्वीकृत दरबन्दीको हकमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तृतीय श्रेणीको शिक्षकको सुरू तलब स्केल बराबर हुन आउने रकम र गाउँपालिका अनुदान शिक्षकको हकमा गाउँपालिकाले व्यवस्था गरेर अनुसारको पारिश्रमिक प्रदान गर्न सक्ने ।

२) शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यरत विद्यालयको सहमतीवेगर अन्य आवश्यक देखिएको विद्यालयमा स्थानान्तरण गर्न सक्ने ।

३) शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक पेसागत विकासको अवसर उपलव्ध गराउन सक्ने ।

४) यसरी नियुक्त शिक्षकले लामो सार्वजनिक विदाबाहेक मनुसन (वर्षे, हिउदे) विदा, सुत्केरी स्याहार विदा, सुत्केरी विदा, भैपरी आउने बिदा, पर्व बिदा पाउने छैन ।

## परिच्छेद-५
## विविध

१) शिक्षक बैङ्कबाट नियुक्त गरिएको शिक्षकलाई शिक्षा,युवा तथा खेलकुद शाखाले शिक्षकका रूपमा कार्यरत राखी राख्न आवश्यक नदेखेमा जुनसुकै बखत हटाउन सक्नेछ ।

२) यसरी नियुक्त गरिएको शिक्षकलाई गाउँपालिकाले कार्य सम्पादन करार गरी खटाउन सक्नेछ ।

३) छनोट भएका शिक्षकको अवधि दुई वर्ष हुनेछ। छनोट भएका शिक्षकको नामावली करार सूचिमा दुई वर्षसम्म राखिने छ।

४) शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यकताको आधारमा प्रत्येक वर्ष छनोट परीक्षा संचालन गरी कारार सूचिमा थप शिक्षक छनोट गरी करार सूचीमा नाम समावेश गर्न सकिनेछ।

५) शिक्षक बैङ्कको सञ्चालनमा कुनै व्यवधान सिर्जना हुन आएमा गाउँ शिक्षा समितिको बैठकको निणर्यबाट बाधा अड्काउ फुकाउन सकिनेछ।